## कालापानी...

सञ्चालन हुने जनाएको छ । भारतीय विदेश मन्त्रालयद्वारा अप्रिल ३० मा जारी विज्ञप्तिमा यस वर्ष यात्राका लागि कुल २० समूह हुनेछन् । तीमध्ये १० समूह उत्तराखण्ड हुँदै लिपुलेख पासबाट र अन्य १० समूह सिक्किम हुँदै नाथु ला पासबाट यात्रा गर्नेछन् । प्रत्येक समूहमा ५० जना यात्रु रहने बताइएको छ ।

## एनसेल..

सार्वजनिक नगरिनु, १५ प्रतिशत जरिबाना नलगाइनु, नवीकरण किस्ताबन्दीमा गरिनु र कर असुलीमा रहस्यमय ढिलाइ हुनु त्यसका प्रत्यक्ष संकेत हुन् ।

यस क्रममा कम्पनी रजिस्ट्रारको कार्यालय, उद्योग विभागलगायत नियामक निकायहरूको मौनता र निष्क्रियताले थप शंका पैदा गरेको छ, जब कि उच्च राजनीतिक तहका व्यक्तिहरु केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल र सुशीला कार्कीसँग जोडिएका संरक्षणका आरोपहरु समेत सार्वजनिक भएका छन्, यद्यपि ती आरोपहरूको स्वतन्त्र पुष्टि हुन बाँकी छ ।

समग्रमा हेर्दा, पुँजी संरचनादेखि लाइसेन्स नवीकरण, कर असुलीदेखि नियामकीय निर्णय कार्यान्वयनसम्मका सबै चरणमा देखिएको असामान्य ढाँचाले यो केवल प्रशासनिक कमजोरी मात्र नभई सम्भावित नीतिगत दुरुपयोग र संगठित स्तरको प्रभावको विषय हुनसक्ने गम्भीर संकेत दिएको छ, जसले राज्यलाई अर्बौं रूपैयाँको राजस्व जोखिममा पार्नुका साथै नेपालको नियामक प्रणालीको विश्वसनीयतामाथि गहिरो प्रश्न खडा गरेको छ ।

## राष्ट्रपतिद्वारा...

पठाएको राष्ट्रपति कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जानकारी दिए । संवैधानिक परिषद्का छ जना सदस्यमध्ये तीन जना सदस्यबाट निर्णय गर्न सकिने प्रावधानमा राष्ट्रपति पौडेलको असहमति रहँदै आएको छ ।

उक्त अध्यादेशमा मन्त्रिपरिषद्ले परिषद्को बैठकको अध्यक्षता प्रधानमन्त्रीले गर्ने प्रावधान राखेको छ । यस्तोमा बैठकमा कुनै विषयमा सहमति हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गर्न सकिने व्यवस्था गरिएको छ । परिषद्को अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने गरी अध्यादेश तयार गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका एक अधिकारीले बताए । यसअघि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले पनि उक्त अध्यादेश राष्ट्रपतिसमक्ष पुऱ्याएका थिए । २०८२ असार र मंसिरमा उक्त अध्यादेश स्वीकृतिका लागि राष्ट्रपतिसमक्ष लगिएको थियो तर ओली नेतृत्वको मन्त्रिपरिषद्ले लगेको उक्त अध्यादेश राष्ट्रपति पौडेलले फिर्ता गरेका थिए । अहिले पुनः सोही अध्योदश बालेन्द्र शाह नेतृत्वको मन्त्रिपरिषदले राष्ट्रपति पौडेलसमक्ष लगेको हो । ओलीको कार्यकालमा प्रतिनिधि सभा र राष्ट्रिय सभामा पारित भएर राष्ट्रपति पौडेलसमक्ष पुगेको थियो । तर अहिले सिधै मन्त्रिपरिषद्बाट पठाइएको थियो ।

संवैधानिक परिषद्को संरचनाअनुसार प्रधानमन्त्री अध्यक्ष र सदस्यहरूमा प्रधानन्यायधिश, प्रतिनिधसभा सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र प्रमुख प्रतिपक्ष दलका नेता हुने व्यस्था छ । उक्त परिषद् सदस्यको ५० प्रतिशत सदस्य सहमत भएमा बहुमत हुने व्यवस्था प्रस्ताव गरिएको छ । संसदीय व्यवस्थामा बहुमतले शासन सञ्चालन गर्ने व्यवस्था हो । परिषद्को हालको बनोट हेर्दा चार जना सदस्य भएमा बहुमत पुग्नेछ । हालको अध्यादेश पारित भएमा प्रधानमन्त्री र बाँकी दुई जना सदस्य भएमा बहुमत हुनेछ जसले गर्दा प्रधानमन्त्रीको कब्जामा संवैधानिक परिषद् र न्यायापालिका पुग्ने त्रासको कारण अध्योदश फिर्ता गर्ने राष्ट्रपतिको कदम उचित भएको अधिवक्ताहरु बताउँछन् ।

कार्यपालिका सँगै संवैधानिक परिषद् र न्यायपालिकामा प्रधानमन्त्रीको वर्चस्व कायम भएमा उनले आफूखुशी निर्णय गर्न सक्ने र शासन प्रणाली निरकुशतातर्फ समेत जान सक्ने हुँदा परिषद्मा ५० प्रतिशतको बहुमतको प्रस्ताव स्वीकार गर्नु उचित नहुने अधिवक्ताहरु बताउँछन् । यो व्यवस्थाले शक्तिपृथकीकरणको सिद्धान्त अर्थात् कार्यापालिका, व्यवस्थापिका र न्यायपालिकाले स्वतन्त्र रूपमा आफ्नो अधिकार कार्यान्वयन गर्न समेत बाधा पुऱ्याउन सक्ने हुँदा राष्ट्रपतिको कदम सही भएको उनीहरूको भनाइ छ ।

## सबै...

प्रश्न उठाएको छ । आलोचकहरु भन्छन्–यदि सरकार साँच्चिकै अवैध सम्पत्ति जफत गर्न प्रतिबद्ध हुन्थ्यो भने, सबैभन्दा पहिले दफा २८(६) र (७) जस्ता प्रावधान संशोधन गरी कानुनी 'ग्रे एरिया' हटाउनुपर्थ्यो ।

यसै सन्दर्भमा अहिलेको सम्पूर्ण घटनाक्रमलाई कतिपयले यसरी व्याख्या गर्न थालेका छन्, पहिले ठूलो हल्ला गर्ने, मिडियामा छवि बनाउने, अनि अन्त्यमा कर तिराएर सम्पत्ति सफा गर्ने । यदि त्यसै हो भने, 'यो केवल दीपक भट्टको मुद्दा मात्र नभई अन्य शंकास्पद सम्पत्ति राख्ने व्यक्तिहरूका लागि समेत 'सफाइ अभियान'को मार्गप्रशस्त गर्ने खतरनाक अभ्यास बन्न सक्ने देखिन्छ ।

अन्ततः प्रश्न उही उठ्छ–यो वास्तवमै भ्रष्टाचारविरूद्धको अभियान हो, कि कानुनी आवरणमा सम्पत्ति वैध बनाउने योजनाबद्ध प्रक्रिया ?

# स्थानान्तरण प्रक्रियामा छुटेकालाई मन्त्रालयले बोलायो

काठमाडौं, वैशाख २० । सहरी विकास मन्त्रालयले काठमाडौंको बागमती र सहायक नदी किनारका जोखिमयुक्त बस्ती स्थानान्तरण प्रक्रियामा छुटेका नागरिकलाई यथाशीघ्र सम्पर्कमा आउन आग्रह गरेको छ ।

मन्त्रालयले सहायता आवश्यक भएका तथा हाल सडकमा अलमल परेका नागरिकलाई प्राथमिक दर्ता केन्द्रका रूपमा तोकिएको त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा उपस्थित भई दर्ता गर्न अनुरोध गरेको हो । 'वास्तविक भूमिहीन नागरिकको 'डिजिटल'लगत संकलन गरी 'होल्डिङ सेन्टर'मार्फत व्यवस्थित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइएको छ । नागरिकलाई आवास, भोजन, स्वास्थ्य सेवा, बालबालिकाको शिक्षा तथा मनोवैज्ञानिक परामर्शलगायत आधारभूत सुविधा उपलब्ध गराइनेछ', सहरी विकास मन्त्रालयद्वारा जारी प्रेस नोटमा भनिएको छ ।

वास्तविक भूमिहीन तथा आर्थिक रूपमा कमजोर नागरिकलाई दर्ता केन्द्रमा उपस्थित भई सरकारद्वारा प्रदान गरिएका सेवा सुविधा उपयोग गर्नसमेत मन्त्रालयले आग्रह गरेको छ । नागरिकको सुरक्षित, व्यवस्थित तथा दीर्घकालीन पुनःस्थापनामा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको पनि मन्त्रालयल स्पष्ट पारेको छ ।

# रास्वपा सांसद खनाल र उप्रेतीको घर नै सार्वजनिक जग्गामा

■ आर्थिक संवाददाता
काठमाडौं, वैशाख २०





सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पाटीका सांसदहरूको घर नै सार्वजनिक जग्गामा बनेको पाइएको छ ।

काठमाडौंको मेयरबाट सिधै प्रधानमन्त्री भएका वालेन्द्र शाहको सुकुमबासी बस्तीमा भएको डोजर आतङ्कपछि उनकै पार्टीका सांसदहरूको घर नै सार्वजनिक जग्गामा भएको पाइएको हो ।

कैलाली २ बाट निर्वाचित रास्वपा सांसद केपी खनाल र मकवानपुर २ बाट निर्वाचित रास्वपा सांसद प्रशान्त उप्रेतीको ३ तले घर सार्वजनिक जग्गामा बनेको पाइएपछि सत्तारूढ दलकै सांसदको घरमा डोजर पुग्छ कि पुग्दैन भनेर चासोका साथ हेरिएको छ ।

# सुशासन कायम गर्दै संविधान संशोधन गर्न विज्ञको सुझाव

काठमाडौं, वैशाख २० । भ्रष्टाचार नियन्त्रण एवं सुशासन कायम गर्दै र सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्नेगरी संविधान संशोधन गरिनुपर्नेमा जोड दिइएको छ ।

संविधान निगरानी समूह र नेपाल कानुन समाजद्वारा आइतबार यहाँ आयोजित संविधान संशोधनका विषयहरु विषयक संवाद कार्यक्रमका वक्ताले सुशासन र सार्वजनिक सेवा प्रवाहमा देखिएका समस्याकै कारण गत भदौमा विद्रोह भएकाले त्यसलाई सम्बोधन गर्नेगरी संशोधनका विषय अघि बढाइनुपर्ने बताए ।

कार्यक्रममा प्रतिनिधिसभा, कानुन, न्याय तथा मानवअधिकार समितिका सभापति समीक्षा बाँस्कोटाले देशमा सुशासन कायम हुनेगरी संविधान संशोधनको गृहकार्य भइरहेको बताए । देशलाई फेरि प्रयोगको माध्यम नबनाउने गरी संविधान संशोधनका लागि सबैले सहयोग गर्नुपर्ने उनको भनाइ थियो ।

नेपाली कांग्रेसका उपसभापति पुष्पा भुसालले संविधान संशोधनको कार्यदल बनाएर सरकारले के गर्न खोजेको हो भन्ने प्रष्ट नभएपछि पार्टीले प्रतिनिधि नपठाएको बताइन् । संविधान पुनर्लेखन गर्न खोजेको हो वा संशोधन यो प्रष्ट हुनुपर्ने उनको भनाइ थियो । प्रधानमन्त्री वालेन्द्र शाहले गठन गरेको संविधान संशोधन कार्यदलको सदस्यसमेत रहेका सांसद मोहनलाल आचार्यले संविधान संशोधनको विधेयक उठान हुनुअघि कार्यदलले छलफल गरेर विधेयक मस्यौदा गर्नेगरी तयारी भइरहेको बताए ।

पूर्वकानुनमन्त्रीसमेत रहेका नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता अग्नि खरेलले सुविचारित तरिकाले संविधान संशोधनलाई अघि बढाउनुपर्ने बताए । संविधान राजनीतिक दस्तावेज भएकाले संख्याका आधारमा मात्र यसलाई नहेर्न उनले अनुरोध गरे ।

पूर्वसांसद राधेश्याम अधिकारीले नेपालमा रहेको विविधताको प्रतिनिधित्व गराउन संसदीय शासन प्रणाली नै उपयुक्त हुने बताए । पुराना नेताले पद छाड्न नचाहेको इतिहास भएकाले संविधान संशोधनकै बेला बाँकी विषयलाई प्रष्ट पार्नुपर्ने उनको भनाइ छ । पूर्वसांसद खिमलाल देवकोटाले बदलिएको शक्ति सन्तुलनले भूराजनीतिलाई थेग्न सक्छ कि सक्दैन भन्ने प्रष्ट भएर अघि बढ्नुपर्ने बताए । सम्झौताको दस्तावेजका रूपमा आएको संविधान अझ सुदृढ गराउन नियमित जानकारी गराउनेगरी छलफल हुनुपर्ने बताए ।

सांसद लक्ष्मणलाल कर्णले उत्कृष्ट संविधानलाई अझै उत्कृष्ट बनाउन जनस्तरसम्म छलफल गरेर अघि बढ्नुपर्ने बताए । पूर्वप्रधानन्याधीश कल्याण श्रेष्ठले संविधान कार्यान्वयनको लाभ जनताले पाएको भए गत भदौ २३ र २४ गतेको विद्रोह नहुने बताए । केही कमजोरी सुधार गरेपछि संविधान राम्रो हुने उनको भनाइ थियो । रासस


MORRIS GARAGES | विक्रेता फर्मको नाम : जि.ओ. अटोमोबाइल्स प्रा.लि | ठेगाना : थापाथली, काठमाडौं | स्थायी लेखा नं : ३०२५९७६०२ | फोन नं : ५३४४२५४

| सि.नं. | माल वस्तुको विवरण | आकार / प्रकार | ब्राण्ड | मोडेल | मोटर क्षमता | उत्पत्तिको मुलुक / राष्ट्र | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Comet | Mini Hatchback | MG | Executive | 41.42 KW | INDIA | 1 | 19,99,000 | 19,99,000 | |
| 2. | Comet | Mini Hatchback | MG | Excite | 41.42 KW | INDIA | 1 | 22,74,000 | 22,74,000 | |
| 3. | Windsor | SUV | MG | Excite | 100 KW | INDIA | 1 | 40,75,000 | 40,75,000 | |
| 4. | Windsor | SUV | MG | Exclusive | 100 KW | INDIA | 1 | 43,49,000 | 43,49,000 | |
| 5. | Hector | SUV | MG | Plus 7 Sharp Pro MT | 1.5L Turbo | INDIA | 1 | 82,99,000 | 82,99,000 | |

कुजु नेपाल प्रा.लि.
टंगाल, काठमाडौं

अधिकतम खुदा बिक्री (MRP) प्रकाशनको सूचना

Kuzu Nepal Pvt. Ltd. कम्पनीले China बाट पैठारी गरेको देहायको मालबस्तुको अधिकतम खुदा बिकी (MRP) निम्न बमोजिम रहेको ब्यहोरा सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरीएको छ ।

| सि.नं. | माल बस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पादक मुलुक/राष्ट्र | ईकाई | प्रति ईकाई मूल्य | अधिकतम खुद्रा ईकाई मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Velax H | E - Scooter | Yadea | Velax H | 3200 Watt | China | 1 | 275,000.00 | 275,000.00 | |

बिकेताको नाम: Kuzu Nepal Pvt. Ltd.
ठेगाना: Tangal, Bhatbhateni, Kathmandu, Nepal
एक्जिम कोड नं: 6024234450110NP
फोन नं: 01-4531075

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रीय कार्यालय: काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

(सूचना प्रकाशित मिति: २०८३/०१/२१)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण

| क्र.सं. | शाखा कार्यालय | सम्पत्तिको विवरण | सम्पत्तिको प्रकार |
|---|---|---|---|
| १ | सिमरा शाखा, बारा | मालपोत कार्यालय सिमरा, बारामा गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेको बारा जिल्ला भवानीपुर जितपुर गा.वि.स. वडा नं.-३/क स्थित कि.नं. २५४८ को क्षेत्रफल ०-०-१० (बिघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | घर/जग्गा |

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८३/०१/२७) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा केन्द्रीय कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/३० गते बुधबार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।


# सुकुमबासी शिविरमा पुग्यो चिकित्सकसहितको स्वास्थ्य टोली

भक्तपुर, वैशाख २० : यहाँका सुकुम्बासी राखिएको दुई शिविरमा आइतबार चिकित्सकसहितको स्वास्थ्य टोलीले स्वास्थ्य परीक्षण र उपचार शिविर सञ्चालन गरिएको छ ।

मध्यपुरथिमि नगरपालिकास्थित कृषि विकास तालिम केन्द्रको भवन र खरिपाटीस्थित चाँगुनारायण नगरपालिकास्थित नेपाल विद्युत् प्राधिकरणको तालिम केन्द्रमा राखिएका सुकुमबासी शिविरमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिएको हो ।

बागमती प्रदेश स्वास्थ्यमन्त्री किरण थापामगर र स्वास्थ्य सचिव डा. सुमित्रा गौतमले तत्काल भक्तपुरका दुई सरकारी कार्यालयमा राखिएका सुकुमबासी शिविरमा स्वास्थ्य परीक्षण गर्न निर्देशन दिएलगत्तै आइतबार बिदाका दिनसमेत चिकित्सकको टोली दुवै सकुमबासी शिविरमा पुगेर स्वास्थ्य परीक्षण सुरू गरेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख अञ्जना खड्काले जानकारी दिइन् ।

दुवै सुकुमबासी शिविरमा सुत्केरी महिलादेखि ज्येष्ठ नागरिकसमेतको स्वास्थ्य परीक्षण गरिएको बताउँदै उनले सुकुमबासीहरूमा मानसिक समस्या बढी देखिएको बताए । सोमबार पनि थप चिकित्सकहरूको टोलीले मानसिक तथा शारीरिक स्वास्थ्य सेवा र औषधि वितरण गरिने उनले जानकारी दिइन् ।


आवश्यकता

| क्र.सं. | पद | न्यूनतम योग्यता | संख्या |
|---|---|---|---|
| १. | स्टाफ नर्स | PCL Nursing | १० जना |
| २. | एटेण्डेण्ट | 10 Class | केही |
| ३. | सरसफाई कर्मचारी | 10 Class | केही |

यस अस्पतालका लागि माथी उल्लेखित पदहरुको आवश्यकता भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र इच्छुक व्यक्तिले आफनो योग्यताको प्रमाणपत्रको फोटोकपी लगायत सम्पुर्ण आवश्यक कागजातहरु संलग्न गरी प्रशासन शाखामा आवेदन गर्नु हुन अनुरोध गर्दछु ।

छत्रपाटी निशुल्क चिकित्सालय अस्पताल
फोन :५३१६१३८, ५३६६२२९ Ext २००
ईमेल : chhatrapatifreeclinic@gmail.com


# चैत १२ गतेअगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारी स्वतः पदमुक्त

काठमाडौं, वैशाख २० : विसं २०८२ चैत १२ गते अगाडि सार्वजनिक निकायमा नियुक्त पदाधिकारीहरू स्वतः पदमुक्त भएका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गरेको 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा विशेष व्यवस्था अध्यादेश, २०८३' को दफा २ को (१) मा उक्त व्यवस्था गरिएको छ ।

उक्त दफामा सार्वजनिक पदाधिकारीहरूको नियुक्तिमा जुनसुकै सर्त, सुविधा र पदावधि तोकिएको भए पनि यो अध्यादेश प्रारम्भ भएपछि त्यस्ता पदाधिकारीहरू कार्यरत रहेको पदबाट स्वतः पदमुक्त हुने उल्लेख छ । उक्त अध्यादेश कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो ।

सो अध्यादेशको दफा २ को उपदफा (२) मा पदमुक्त भएको पदाधिकारीलाई सम्बन्धित मन्त्रालयको सचिव वा निजले अख्तियारी दिएको अधिकारीले पदमुक्त भएको सूचना दिने उल्लेख छ । दफा १ को (२) बमोजिम यो अध्यादेश कार्यान्वयनमा आइसकेको छ । प्रचलित कानुनबमोजिम नियुक्त तथा मनोनयन भएका वा तोकिएको सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धमा तत्काल कानुनी व्यवस्था गर्न वाञ्छनीय भएको र हाल संघीय संसद्को अधिवेशन नभएकाले यो अध्यादेश जारी भएको प्रस्तावनामा भनिएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले प्रशासनिक सुदृढीकरण र राज्यका निकायलाई नयाँ गति दिने उद्देश्यले यो कदम चालेको हो । सो अध्यादेश जारी भएसँगै विभिन्न ऐन र संरचनाअन्तर्गत राजनीतिक नियुक्ति पाएका कुल एक हजार पाँच सय ९४ पदाधिकारी एकमुष्ट पदमुक्त भएका छन् ।


कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८३/०१/२१

यस कम्पनीको मिति २०८२/११/२७ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णयानुसार साविकको कम्पनी **ईडियु गाईड कन्सल्टेन्सी प्रा.लि.**(प्रा.लि.नं.११३७२८) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२/१२/०२ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **ग्रेश बिराटनगर प्रा.लि.** कायम गरिएको जानकारी गराइन्छ ।


CS CamScanner